गण्डकी प्रदेश, नेपाल

# दुधपोखरी गाउँपालिका
## गाउँकार्यपालिको कार्यालय
### गौडा , लमजुङ

# दुधपोखरी गाउँपालिकाको आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि– २०८०

गाउँकार्यपालिकाबाट स्वीकृत मिति: २०८०/९/१२

अध्यक्षबाट प्रमाणित मिति २०८०/९/१५

# दुधपोखरी गाउँपालिकाको आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि– २०८०

**प्रस्तावना**

गाउँपालिका क्षेत्रभित्र हुने प्राकृतिक तथा गैर प्राकृतिक विपद्, अत्यन्तै न्यून आर्थिक स्थिति भएका दीर्घरोगी जस्तै मुटु, मृगौला, क्यान्सर, पक्षघात तथा मस्तिष्क घात लगायतका मानव जीवनमा असर पार्ने तथा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिको सामना गरिरहेका नागरिकहरुलाई तत्काल केही राहत उपलब्ध गराउन आवश्यक देखि आर्थिक सहायता कोष स्थापना र संचालन गर्न वाञ्छनीय भएकोले,दुधपोखरी गाउँपालिकाको आर्थिक सहायता कोषलाई व्यवस्थित, प्रभावकारी र मितव्ययी तवरले परिचालन तथा व्यवस्थापन गर्न नेपालको संविधान ,२०७२ र स्थानिय शासन संचालन ऐन २०७४ बमोजिम यो आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०८० लाई गाउँकार्यपालिकाको बैठकले स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम "आर्थिकसहायताकोष संचालन तथा व्यवस्थापन कार्यविधि २०८०" रहेकोछ।

(ख) यो कार्यविधि तत्काल लागू गरिनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. कार्यविधि भन्नाले दुधपोखरी गाउँपालिकाको आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ लाई सम्झनु पर्दछ ।

ख. कोष भन्नाले दुधपोखरी गाउँपालिकाको आर्थिक सहायता कोषलाई बुझ्नुपर्छ।

ग. कार्यपालिका भन्नाले दुधपोखरी गाउँकार्यपालिका लाई बुझ्नुपर्छ।

घ अध्यक्ष,उपाध्यक्ष, वडाध्यक्ष , सदस्य भन्नाले दुधपोखरी गाउँपालिकामा निर्वाचित जनप्रतिनिधहरुलाइ बुझाउने छ ।

ङ प्रमुख प्रशासकीय अधिकृत भन्नाले दुधपोखरी गाउँपालिकामा प्रशासनिक कार्य गर्न संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट खटिएको कर्मचारी बुझाउने छ ।

च आर्थिकसहायता भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद् लगायत मानवीय जीवनमा दीर्घ असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सर, मस्तिष्कघात तथा पक्षघात जस्ता दीर्घरोगबाट पिडित व्यक्तिहरुको लागि तत्काल गरिने आर्थिक सहायतालाई बुझ्नुपर्छ.।

छ कर्मचारी भन्नाले दुधपोखरी गाउँपालिका कार्यालयमा कार्यरत स्थायी करार कर्मचारीहरुलाइ बुझ्नु पर्दछ ।

ज स्थानियतह भन्नाले दुधपोखरी गाउँपालिका लाइ बुझनु पर्दछ ।

दुधपोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लमजुङ, गण्डकी प्रदेश, नेपाल

## परिच्छेद २

## कोषको अवधारणा, लक्ष्य, उद्देश्य र नीति

### ३. अवधारणा

दुधपोखरी गाउँपालिकामा हुने प्राकृतिक तथा मानव सृर्जित विपद्बाट प्रभावित व्यक्ति, परिवार तथा संघ/संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्यून आर्थिक स्थिति रहेका दीर्घरोगीहरु लगायत अप्रत्याशित घटनामा परि अंगभंग भएकाहरुलाई पहिचान गरि राहत सहयोग पुऱ्याउन यस प्रकारको कोषको स्थापना भएको छ ।

### ४. लक्ष्य

प्राकृतिक तथा मानव सृर्जित विपद्को प्रकोपमा परेका व्यक्ति, परिवार तथा संघ/संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, विपन्न दीर्घरोगीहरू, अंगभंग,वहालवाला कर्मचारीको मृत्यु भएमा कर्मचारीका आपन्तहरुलाई तत्काल राहत सहयोग पुऱ्याउन र अप्रत्याशित स्थितिमा गरिने कार्यहरु गरि राहत उपलब्ध गराउनुनै कोषको लक्ष्य रहेको छ ।

### ५. उद्देश्य

(१) विपद् पिडितहरुलाई तत्काल राहत उपलब्ध गराउने,

(२) आकस्मिक वा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य गर्ने,

(३) वहालवाला कर्मचारीको मृत्यु भएमा,

### ६. नीति

(१) विपद् पिडितहरुलाई तत्काल राहत उपलब्ध गराइ पुनःस्थापना तर्फ उन्मुख गराउने,

(२) गाउँपालिकाको कार्यक्षेत्र भित्र भैपरि आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरि क्षति न्युनिकरण गर्ने,

(३) स्थानीय तहमा रहेका अत्यन्त विपन्न दीर्घरोगीहरू, दुर्घटनामा परि अंगभंग हुनेहरुलाई तत्काल राहत उपलब्ध गराउने,

(४) वहालवाला कर्मचारीको मृत्यु भएमा

## परिच्छेद ३

## कोष स्थापना

७. कोष स्थापनाः (१) आर्थिक सहायता कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

धन प्रसाद गुरुङ
अध्यक्ष

(२) यस कोषको नाम दुधपोखरी गाउँपालिकाको आर्थिक सहायता कोष रहने छ ।

८. **कोषमा जम्मा हुने रकमः** (१) गाउँसभाबाट आर्थिक सहायता कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

(२) दातृ निकाय, गैर सरकारी संस्था, संघीय सरकार, प्रदेश सरकार, अन्य स्रोतहरुबाट कोषलाई प्राप्त हुने रकम,

## परिच्छेद ४
## कोषको रकम परिचालन सम्बन्धी व्यवस्था

९. **कोषबाट खर्च हुने क्षेत्रः** (१) कोषबाट प्राकृतिक विपद्बाट भएका धनजनको क्षती र दीर्घरोग लागेका विपन्न सदस्यको उपचार खर्चको लागि आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(२) प्राकृतिक विपद् जस्तै आगलागी, बाढी तथा पहिरोको कारण धनजनको क्षती भएमा देहाय अनुसारको सहयोग उपलब्ध गराउन सक्नेछ ।[1]

<table>
<tr><th rowspan="2">क्र.सं.</th><th rowspan="2">आर्थिक सहयोग गर्ने क्षेत्र (क्षतीको विवरण)</th><th colspan="2">सामाग्री तथा नगद सहयोग</th></tr>
<tr><th>तत्काल उपलब्ध गराउने राहतसामाग्री</th><th>सहयोग गर्ने रकम</th></tr>
<tr><td>१</td><td>घर र गोठ दुवै जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट</td><td rowspan="4">पाल थान १, खाना पकाउने तथा खाने भाँडा १सेट, १ हप्ताको लागि आवश्यक पर्ने खाद्यान्न</td><td>५०००-३००००</td></tr>
<tr><td>२</td><td>घर जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट</td><td>५०००-१५०००</td></tr>
<tr><td>३</td><td>घर र गोठ दुवै जलेर सम्पूर्ण सामाग्री समेत नष्ट भएमा र मानिसको समेत मृत्यु भएमा</td><td>१००००-५००००</td></tr>
<tr><td>४</td><td>घर र गोठ दुवै जलेर सम्पूर्ण सामाग्री समेत नष्ट भएमा र पशुको समेतमृत्यु भएमा</td><td>१००००-२००००</td></tr>
<tr><td>५</td><td>गोठ मात्र जलेर र पशुको समेत मृत्यु भएमा</td><td></td><td>५०००-१००००</td></tr>
<tr><td>६</td><td>गोठ जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट</td><td></td><td>२०००-५०००</td></tr>
<tr><td>७</td><td>प्राकृतिक प्रकोप तथा दुर्घटनाकमा परी घाइते भएका व्यक्तिको लागिअस्पताल गई उपचार गर्न सहयोग</td><td></td><td>५०००-२००००</td></tr>
<tr><td>८</td><td>दुधपोखरी गाउँपालिकामा कार्यरत बहालवाला जनप्रतिनिधि वा कर्मचारीको मृत्युभएमा</td><td>५०००००</td><td></td></tr>
</table>

(२) विभिन्न जटिल तथा दीर्घरोग जस्तैः क्यान्सर, मुटु रोग, मृगौला रोग, पक्षघात तथा मस्तिष्कघात जस्ता रोग लागि उपचार प्राप्त गर्न समस्यामा परेका गरिव/विपन्न सदस्यको

---

[1] पहिलो संशोधनद्धारा थप

लागि रोगको प्रकृति र निजको आर्थिक अवस्था हेरी प्रति व्यक्ति रु. १०,००० देखि ३०,००० सम्म उपचार खर्च उपलब्ध गराउन सक्नेछ ।

१०. **सहयोग माग गर्दा पेश गर्नुपर्ने कागजातः** (१) गाउँ कार्यपालिकाको कार्यालयमा दफा ९ बमोजिमको आर्थिक सहयोग प्राप्त गर्न यसै दफाको उपदफा (२) र (३) बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

(२) प्राकृतिक विपद्‌बाट धनजनको क्षती सन्दर्भमा पेश गर्नुपर्ने कागजातहरु

(क) निवेदन

(ख) सम्बन्धीत वडा कार्यालयको सिफारिश

(ग) सम्वन्धीत प्रहरी चौकीको स्थलगत सर्जमिन मुचुल्का, प्रतिवेदन

(घ) क्षतीको फोटो

तर ३०००० भन्दा बढी भुक्तानि दिनु पर्ने भएमा प्राविधिक मूल्यांकन पेश गर्नु पर्नेछ ।

(३) गाउँपालिकाले औषधी उपचारका लागि सहयोग उपलव्ध गराउँदा निम्न प्रक्रिया अवलम्वन गर्नेछः

(क) सम्वन्धित व्यक्ति वा निजका अभिभावक वा निजको संरक्षकको निवेदन,

(ख) निवेदन साथ सम्वन्धित अस्पताल, नर्सिङ होम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने स्वीकृत चिकित्सकले जाँच गरेको प्रमाण ।

(ग) सम्वन्धित चिकित्सकले उपचारका लागि लेखी दिएका औषधीहरूको विवरण र सो खरिदका लागि अनुमानित लाग्ने खर्चको विवरण,

(घ) विपन्नताको हकमा सम्वन्धित वडा कार्यालयको विपन्नता प्रमाणित सिफारिश पत्र ।

११. **आर्थिक सहयोगको निर्णयः** (१) दफा १० बमोजिम प्रकृया पुरा गरी सहयोग माग भएमा रु. ५००० देखि १०००० सम्म अध्यक्षले आदेश गरेमा भुक्तानि दिन सकिने छ ।

(२) उपदफा (१) मा तोकिएको भन्दा माथीको आर्थिक सहायता रकम उपलव्ध गराउन परेमा कार्यपालिकाको वैठकले निर्णय गर्नुपर्नेछ ।

(३) माथि दफामा जे सुकै लेखिएको भएतापनि आर्थिक सहायता सिफारिश समितिले सहयोगका लागि लाभग्राहीलाइ सिफारिश गरि पठाउनु पर्नेछ ।

धन प्रसाद गुरुङ
अध्यक्ष

परिच्छेद ५

कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

१२. **कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था:** (१) कोषको आर्थिक तथा प्रशासनिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

परिच्छेद ६

विविध

१३. **आर्थिक सहायता कोषको रकममा बृद्धि गर्न सक्ने:** (१) गाउँपालिकाले गाउँसभाबाट स्वीकृत गराई आर्थिक सहायता कोषमा रहने रकममा आवश्यकता अनुसार बृद्धि गराउन सक्नेछ ।

१४. **जाँच पास तथा फरफारक** (१) कोष बाट खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

१५. **कार्यविधिको संशोधन:** (१) यस कार्यविधिलाई गाउँकार्यपालिकाले आवश्यक देखेमा संशोधन गर्नेछ ।

१६ **यसै बमोजिम भए गरेको मानिने:** यो कार्यविधि स्वीकृत हुनु पूर्व भए गरेका क्रियाकलापहरु यसै कार्यविधि अनुरुप भए गरेको मनिनेछ ।

१७. **बचाऊ र खारेजी:** (१) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएको व्यवस्थाको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ । ।

(२) कुनै कारणबाट कोष संचालन हुन नसकेमा वा कोषको औचित्य नदेखेमा गाउँकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

समाप्त

धन प्रसाद गुरुङ

अध्यक्ष